☎ ०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१२१
✉ info@tansenmun.gov.np
ito. tansenmun@gmail.com

# तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.स :- २०८३/०८४
च.न :-

**प्रथम पटक प्रकाशीत मिति : २०८३।४।२८**

## सूचना

तानसेन नगरपालिकाबाट चालु आ.व.२०८३/०८४ को बार्षिक नगर विकास योजनामा नगरवासीलाई विद्युत महसुलमा छुट दिने कार्यक्रम राखिएकोमा तानसेन नगरपालिका क्षेत्र भित्रका नगरबासीहरुले खपत गर्ने न्यूनतम् विद्युत महसुल छुट सम्बन्धी कार्यविधि, २०७९ को दफा ३ अनुसार यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने र ५ एम्पियर स्वीकृत क्षमता भएका २० युनिटसम्म विद्युत खपत गर्ने उपभोक्ताहरुले विद्युत महशुलमा छुट अनुदान प्राप्त गर्नको लागि वडा कार्यालयबाट प्राप्त निबेदनको ढाँचामा निम्नानुसारका आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आफ्नो वडा कार्यालयमा आफू वा आफ्नो परिवारका सदस्य मार्फत आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्वन्धी थप जानकारीको लागि आफ्नो वडा कार्यालयमा सम्पर्क गरी आवश्यक सहयोग लिन सकिने छ ।

आ.व.२०८१/०८२ मा यस नगरपालिकाबाट सुविधा प्राप्त गरेका र वडास्तरमा पठाइएको संलग्न विवरणमा उल्लेखित उपभोक्ताहरुको नामावलीमा २० युनिटसम्म विद्युत खपत गर्ने उपभोक्ताहरुको न्यूनतम् विद्युत महसुल छुट सम्बन्धी कार्यविधि, २०७९ को अनुसूची १ र ३ को फाराम भरी वडा कार्यालयबाट थपघट गरी कायम गरेको अन्तिम अद्यावधिक विवरणलाई आधिकारिकता दिइने छ। २० युनिटसम्म विद्युत खपत गर्ने उपभोक्ताको पुरानो नामावली अनुसार कायम हुने भएमा उपभोक्ताहरुले पुनः आवेदन दिनु नपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

निम्नः
१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी,
२. विद्युत महसुल तिर्ने कार्डको प्रतिलिपी,
३. ५ एम्पियर स्वीकृत क्षमता भएका र २० युनिटसम्म विद्युत खपत गर्ने उपभोक्ता भएको स्वःघोषणा तथा वडा अध्यक्षबाट प्रमाणित कागजात ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ तथा आवश्यक सहयोगार्थ** :
श्री वडा कार्यालय सबै, तानसेन नगरपालिका, पाल्पा ।
आ.व.२०८१/०८२ मा सुविधा प्राप्त लाभग्राहीको नामावली भिडाई हटाउनु पर्ने र थप गर्नु पर्ने लाभग्राहीको विवरण अद्यावधिक र प्रमाणीकरण गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा अन्तिम नामावली उपलब्ध गराउनु हुन ।